मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

सेतो पाटी, सैंबु, ललितपुर महानगरपालिका वडा नं १८

**सरसफाई सेवाको आवश्यकता बारे सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१०**

यस विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिलाई विश्वविद्यालय हाता चित्लाङ्गमा रहेका दुई भवनहरुको लागि दुई वर्षको लागि सरसफाई सेवाको आवश्यकता भएकोले यस समितिलाई सेवा उपलब्ध गराउन ईच्छुक फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मिति श्रावण १०, २०७९ बाट १५ दिन भित्र प्रस्ताव आह्वान गरिएको छ। सरसफाई सेवाको लागि आवश्यक सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्युनतम योग्यता तल प्रस्तुत गरिएका छन्। ईच्छुक फर्महरुलाई यस समितिको ईमेल ठेगाना info@mbustb.edu.np मा वा समितिको कार्यालयमा देहाएका कागजात सहित प्रस्ताव पठाउन आह्वान गरिएको छ।

**पेश गर्नु पर्ने कागजातहरुः**

१. फर्म/कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. आ. व. २०७७।०७८ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
४. अनुसूचीमा प्रस्तुत गरे बमोजिमको सूची दर्ता निवेदन
५. सरसफाई सेवाको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

## मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार विकास समिति
## सरसफाई सेवाको लागि सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता

### १. परिवेश

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको भौतिक सुविधा चित्लाङ्ग, वडा नं ९ थाहा नगरपालिकामा निर्माण भईरहेकोमा दोश्रो स्नात्तकोतर भवनको निर्माण श्रावण २०७९ सम्ममा सम्पन्न हुने र पहिलो स्नात्तकोतर भवनको निर्माण भाद्र २०७९ सम्ममा सम्पन्न हुने । दुबै भवनको क्षेत्रफल करीब १,३०० वर्ग मिटर रहको । भवनको नक्सा यसै साथ संलग्न गरिएको छ र सेवा प्रदायकले आफ्नो खर्च र जोखिममा भवनको निरिक्षण गर्न सकिने छ । भवन निर्माण सम्पन्न भए पश्चात भवनको सरसफाई सेवा प्रदान गर्ने कम्पनीहरु मार्फत गराउने उद्देश्यले यो सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता तयार गरिएको छ ।

### २. सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्युनतम योग्यता

- भवन र भवन परिसरको सरसफाईको लागि आवश्यक जनशक्ति र सरसामान उपलब्ध गराई सुपरिक्षण समेत गरेर सम्पूर्ण भवन र भवन परिसर सफा राख्ने ।
- सरसफाईको लागि आवश्यक जनशक्ति निर्धारण, जनशक्ति छनौट तथा आपूर्ति र सरसामानको आवश्यकता निर्धारण र आपूर्ति सेवा प्रदायकले गर्ने ।
- सरसफाईको लागि प्रयोग गरिने सरसामान सरसफाईमा संलग्न जनशक्ति र समितिको जनशक्तिको स्वास्थ्य र वातावरणको लागि हानीकारक नहुने ।
- भवनहरुबाट निक्लने फोहर वातावरण मैत्री तरीकाले वातावरण प्रदूषण नहुने गरी विश्वविद्यालय हाता भित्र तोकिएको स्थानमा विसर्जन गर्ने ।
- सरसफाई गर्ने जनशक्ति मध्ये एक जना कार्यालय समय भरि भवन परिसरमा रहनु पर्ने र कार्यालयले तोकेको व्यक्तिको निर्देशन बमोजिम सरसफाई सम्बन्धी आवश्यक काम गर्नु पर्ने ।
- भवनको सरसफाई अन्तर्गत निम्न कामहरु पर्ने:
    - भूईं बढारेर तथा पुछेर सफा राख्ने ।
    - फर्निचर पुछेर सफा राख्ने ।
    - झ्याल, ढोका र बारको सिसा पुछेर सफा राख्ने ।
    - झ्याल, गाह्रो र सिलिङ्ग सफा राख्ने ।

- शौचालयहरु सफा राख्ने ।
    - कमोड, प्यान
    - धारा र अन्य फिक्सरहरु
    - वास बेसिन र टेबल
    - ड्रेन
    - डष्ट बीन
    - शौचालय सफा राख्नको लागि पटक पटक पुछ्ने तथा अन्य आवश्यक काम गर्ने ।
- भवन परिसर बढारेर सफा राख्ने ।
- भवन भित्र बिग्रे भत्केको सामान र संरचनाबारे कार्यालयले तोकेको व्यक्तिलाई तुरुन्त खबर गर्ने ।
- कौसी, शौचालय र पानी जम्मा हुन सक्ने अन्य स्थानमा पानी जम्मा हुन नदिन ड्रेन र ढल सधैं सफा राख्ने ।
- शौचालयमा रहने तौलिया समय समयमा धोएर सफा राख्ने ।

- फोहर पानी प्रशोधन केन्द्र र बायो ग्यासको सरसफाई निर्देशन बमोजिम गर्ने ।
- सरसफाईमा संलग्न जनशक्तिले इमान्दारीपुर्वक आफ्नो कर्तव्य निर्वाह गर्नु पर्नेछ ।
- सेवा प्रदायकले सेवा दिंदा कुनै किसिमको हानी/नोक्सानी सामान हराउने लगायत हुन दिने छैन । यदि कुनै सरसफाईमा संलग्न जनशक्तिले मिलोमतो वा लापरवाहीको कारणले समितिलाई हानी नोक्सानी पुगेमा छानविन गरी सेवा प्रदायकले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।
- प्रस्ताव पेश गर्दा सम्पन्न गर्ने कार्य विवरणहरु समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।
- सेवा प्रदायकले समितिमा सरसफाईको लागि पठाइएका जनशक्तिलाई नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक दिनु पर्नेछ र श्रम ऐन, २०७४ ले तोकेका अन्य सुविधाहरु अनिवार्यरुपमा उपलव्ध गराउनु पर्नेछ ।

- प्रस्ताव पेश गर्दा सरसफाईको लागि मासिक रुपमा लाग्ने कुचो, पोछा लगाउने कपडा, सेनिफ्रेस, फिनेल, साबुन, तौलिया जस्ता सामानहरुको विवरण तथा ती सामानहरुको मूल्य सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।
- सेवा प्रदायकले समितिमा सरसफाईको लागि पठाइएका जनशक्तिलाई सेवा प्रदायकको परिचय पत्र उपलब्ध गराउनु पर्ने छ र सो परिचय पत्र सम्बन्धीत व्यक्तिले कार्यालयमा रहेको बेला निरन्तर रुपमा देख्ने गरी लगाई राख्नु पर्ने छ ।
- सेवा प्रदायकले समितिमा सरसफाईको लागि पठाइएका जनशक्ति अदल बदल गर्दा जानकारी गराउनु पर्ने छ ।
- कुनै सरसफाईमा खटिएका जनशक्ति समितिका लागि उपयुक्त नभएको भनि समितिबाट सेवा प्रदायकलाई जानकारी दिएमा सेवा प्रदायकले सो जनशक्ति वदली गरी अर्को जनशक्तिको व्यवस्था मिलाउनु पर्नेछ ।
- सरसफाईमा खटिएका जनशक्तिको बोली, वचन र व्यवहार अनुशासित र मर्यादित हुनु पर्नेछ ।

**३. सेवा प्रदायकको कानूनी ग्राह्यताः**

प्रस्तावदाताले देहाय बमोजिमको कानूनी ग्राह्यता प्रमाणित गर्ने कागजातको प्रतिलिपि प्रस्तावसाथ पेश गर्नु पर्नेछः

- सरसफाई सेवा उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनी/संस्था दर्ता
- प्रमाणपत्र (आवश्यक भएमा म्याद थपको प्रमाणपत्र सहित),
- मू.अ.क मा दर्ता भएको प्रमाणपत्र र
- आ.व २०७७।७८ को कर चुक्ता प्रमाणपत्र

**४. सेवा प्रदायकको न्युनतम योग्यता**

सरसफाई सेवा उपलब्ध गराउन ईच्छुक सेवा प्रदायकले आवेदन बुझाउने अन्तिम मिति सम्म निम्न बमोजिमको योग्यता पूरा गरको प्रमाणपत्र प्रस्ताव साथ पेश गर्नु पर्नेछः

- कम्तिमा २००० वर्ग मिटर क्षेत्रफल भएको भवनको कम्तिमा दुई वर्ष सन्तोषजनकरुपमा सरसफाई सेवा प्रदान गरेको हुनु पर्नेछ, बढी अनुभव भएका फर्म/कम्पनीलाई ग्राह्यता दिईनेछ ।

- ○ प्रस्तावित जनशक्तिको नाम नामेसी, सम्पर्क फोन नं., इमेल (भएमा) ठेगाना, नागरिकताको प्रमाणित प्रतिलिपि, निरोगीताको प्रमाणपत्र र निजहरुको कार्य अनुभव सहितको विवरण पेश गर्नु पर्नेछ ।

## ५. सेवा अवधि

- सेवा अवधि दुई वर्षको हुने छ र दररेट परिवर्तन नगरी आपसी सहमतिमा सेवा अवधि एक वर्ष सम्म थप गर्न सकिने छ ।

## ६. छनौट विधि

- सरसफाई सेवा खरिद सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गतको नियम ९५ सेवा करारमा लिने सम्बन्धी कार्यविधि अनुसार गरिने छ ।